# विश्वव्यापीकरण र राष्ट्रिय सुरक्षाका चुनौतीहरू

**विष्णु प्रसाद आचार्य**

**लेख**

*विश्वव्यापीकरणले वस्तु, सेवा, पुँजी, प्रविधि, सूचना, सीमाविहीन स्वतन्त्रता तथा सुरक्षालाई समेत अन्तर र्राष्ट्रियकरण गरेको छ । परम्परागत राज्यकेन्द्रित सुरक्षाबाट मानवीय सुरक्षा केन्द्रित अवधारणामा यसको रूपान्तरण भएको छ । विश्वव्यापीकरणसँगै अन्तर्सम्बन्धित सूचना-प्रविधि, आर्थिक खुलापन, सङ्गठित अपराध, सम्पत्ति-शुद्धीकरण, आतङ्कवादी गतिविधि, श्रम-आप्रवासन, बढ्दो व्यापार-घाटा, साइबर-आतङ्क, जलवायु परिवर्तन र वातावरणीय असन्तुलन, मानवसिर्जित विपद्जस्ता विभिन्न कारणले कुनै पनि मुलुकको राष्ट्रिय सुरक्षामा चुनौती थपिएको छ । यस्ता चुनौतीले अल्पविकसित तथा विकासोन्मुख राष्ट्रहरूको राष्ट्रिय क्षमतामा ह्रास आएको छ । यस्तै इन्डोप्यासिफिक रणनीति र बेल्ट एण्ड रोड इनिसिएटिभजस्ता सामरिक एवं सञ्जालीकृत विषयहरूमा सन्तुलित कूटनीति अँगाल्नु हाम्रोजस्ता राष्ट्रका नवीन सुरक्षा चुनौतीहरू हुन् । आन्तरिक राजनीतिमा बाह्य शक्तिराष्ट्र र सङ्गठनको दबाबले पनि सार्वभौमसत्तामा नकारात्मक प्रभाव परिरहेको देखिन्छ । अतः मुलुकका सुरक्षा अङ्गहरूको थप सक्षमता र मानवीय सुरक्षाका आयामलाई प्राथमिकता दिँदै राष्ट्रिय हितका आधारमा विदेश नीतिको सञ्चालनले उल्लिखित चुनौती समाधान गर्न सकिन्छ । प्रस्तुत अध्ययनका क्रममा विश्वव्यापीकरण र राष्ट्रिय सुरक्षाको अवस्था/स्वरूप के छ ? यसमा देखापरेका चुनौतीहरू के के हुन् ? जस्ता प्रश्नहरूमा केन्द्रित हुँदै विश्वव्यापीकरण तथा राष्ट्रिय सुरक्षाको विद्यमान अवस्था/स्वरूपमाथि प्रकाश पार्नु र यसका समाधानका उपायहरूको निरूपण गर्नु जस्ता विषयलाई यस इरोधलेखमा मुख्य उद्देश्य बनाइएको छ । अध्ययनलाई पूर्णता दिन र सामग्रीहरूको सङ्कलन गर्न प्राथमिक तथा द्वितीयको स्रोत-सामग्रीहरूको उपयोग गर्दै प्राप्त सामग्रीहरूलाई बर्णनात्मक, विश्लेषणात्मक शोधविधिका केन्द्रीयतामा चर्चा गरिएको छ । अतः विद्यमान विश्वव्यापीकरणका पृष्ठभूमिमा मुलुकको राष्ट्रिय सुरक्षा र यसमाथि देखिएका चुनौतीहरू के के हुन् ? त्यसको समाधानका निम्ति प्रस्तुत अध्ययनले एउटा कोसेढुङ्गाकै रूपमा ठोस उपलब्धि प्रदान गर्ने छ भन्ने सन्दर्भमा स्पष्ट हुन सकिन्छ ।*

**शब्द कुञ्जीहरू** : विश्वव्यापीकरण, राष्ट्रिय सुरक्षा, सूचना-प्रविधि, अन्तर्राष्ट्रियकरण, जलवायु परिवर्तन ।

## विषय-परिचय

विश्वव्यापीकरणलाई यस्तो प्रक्रिया मानिन्छ जसले सामान्यतया कुनै राष्ट्रको वस्तु, पुँजी, प्रविधि, संस्कृति र व्यक्तिको विश्वभर हुने विस्तार वा फैलावटलाई जनाउँछ । विश्व अर्थतन्त्रसँग कुनै पनि मुलुकको अर्थतन्त्रको आबद्धता रहने प्रक्रियालाई पनि विश्वव्यापीकरण भनिन्छ । साथै त्यो मुलुकको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय आदि विभिन्न पक्षमा निर्भरता र आबद्धता बढ्दै जानुलाई समेत विश्वव्यापीकरणको सन्दर्भमा बुझ्न सकिन्छ । यसरी राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा भौगोलिक बन्धन कम हुँदै जाने जुन प्रक्रिया छ, त्यसलाई विश्वव्यापीकरणका

रूपमा बुझिन्छ। यस प्रकृतिको उदारीकरणको व्यावहारिक कार्यान्वयनका कारणले गर्दा आजं विश्वव्यापीकरणको विकास र विस्तारमा सहयोग पुगेको हो र विश्वव्यापीकरणले गर्दा एकातिर एक देशको वस्तु, सेवा, पुँजी, प्रविधि र जनशक्तिको पहुँच अर्को देशमा सहजतापूर्वक हुन थाल्यो भने अर्कातर्फ धनी र गरिबबिचको असमानता झन् फराकिलो हुँदै गयो (ज्ञवाली,२०७०,पृ.४४३) ।

विश्वव्यापीकरणले मानिसहरू र राज्यहरूका बिचमा आपसी अन्तरनिर्भरता मात्र बढाएको छैन, यसले आर्थिक एकीकरणलाई पनि बढावा दिएको छ। विश्वव्यापीकरणले राज्य, समाज र निजी क्षेत्रका बिचमा रहेको भौगोलिक, सांस्कृतिक, आर्थिक तथा सामाजिक पारस्परिक निर्भरतालाई निकट र गहिरो बनाउने काम गर्दछ (Acharya, 2015,P. 739)। वर्तमान सन्दर्भमा विश्वव्यापीकरण नयाँ खालको आर्थिक उपनिवेशवादका रूपमा अगाडि आएको छ। यसरी उत्तरी ध्रुवमा रहेका विकसित देशहरूले दक्षिणतर्फ रहेका विकासोन्मुख देशहरूउपर औपनिवेशिकता सिर्जना गर्ने र त्यस्ता देशको राष्ट्रिय सुरक्षामा असर पुऱ्याउने माध्यमको रूपमा विश्वव्यापीकरणले भूमिका निर्वाह गरिरहेको छ (Wahab,2002,P. 27) ।

विश्वव्यापीकरणलाई केही चिन्तकहरूले कमजोर देशहरूमाथि बलिया देशहरूको प्रभुत्वको रूपमा लिने गरेका छन्। दक्षिणमाथि उत्तरको प्रभाव, पूर्वमाथि पश्चिमको प्रभावको रूपमा पनि विश्वव्यापीकरणलाई लिइएको पाइन्छ। मलेसियाका पूर्व प्रधानमन्त्री डा. महाथिर मोहम्मदले विश्वव्यापीकरणलाई औपनिवेशिकताको पुनरागमनका रूपमा व्याख्या गरेका छन्। उनले आफ्नो पुस्तक Globalization and the New Realities मा विश्वव्यापीकरणलाई बलिया र ठूला देशहरूको एकाधिकारका रूपमा व्याख्या गरेका छन् (Acharya, 2015,P. 740)। यसरी विश्वव्यापीकरणको विषयले राष्ट्रिय सुरक्षालाई प्रभावित पारिरहेको छ।

अर्को शब्दमा भन्नुपर्दा मानिस, समुदाय तथा राज्यका सामाजिक, आर्थिक, राजनैतिक पक्षहरूमा प्राकृतिक वा कृत्रिम जुनसुकै कोणबाट पनि खतरा नहोस् भनेर सुनिश्चित गर्नु र भय, त्रास, बन्धन, शोषण, दासता, खतरा आदिबाट मुक्ति पाउनु पनि सुरक्षा हो। व्यक्तिको सुरक्षा राष्ट्रिय सुरक्षाको एउटा पाटोसँग गाँसिएको विषय हो र राष्ट्रिय सुरक्षाले राष्ट्रिय हितलाई प्राथमिकतामा राख्छ। राष्ट्रिय सुरक्षाका विविध आयामहरूको एउटा पक्ष मानव-सुरक्षा हो र एउटा राष्ट्रभित्रको प्रत्येक नागरिकको सुरक्षा हुनु नै मानव-सुरक्षा हो (कुसुम,२०७७,पृ.९)।

महबुब उल हकले मानव सुरक्षाको विषयलाई लिएर यस्तो दृष्टिकोण अगाडि ल्याएका छन् :

> Human Security is not concern with weapons. It is a concern with human dignity. In last analysis; it is a child, who did not die, a disease that did not spread, an ethnic tension that did not explode, a dissident who was not silenced, a human spirit that is not crushed.

अर्थात् मानव सुरक्षाको सम्बन्ध हतियारसँग छैन र हतियारको होडबाजीसँग पनि छैन। यो मानिसको सामाजिक, आर्थिक र राजनैतिक पक्षसँग गाँसिएको हुन्छ। समग्रमा मानव अधिकारको संरक्षण र संबर्द्धन गर्दै प्रत्येक व्यक्तिले समाजमा गौरवका साथ बस्ने र बाँच्न पाउने अवस्थाको सिर्जना गर्नु नै मानव सुरक्षा हो (कुसुम,२०७७,पृ.११)।

राष्ट्रिय सुरक्षा व्यवस्थापन मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र राष्ट्रिय स्वाधीनताको रक्षा, आर्थिक, सामाजिक र वातावरणीय एवं सांस्कृतिक तत्त्वहरूको जगेर्ना तथा अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति, आर्थिक साझेदारीमा छिमेकीका अपेक्षाहरूसँग सन्तुलन मिलाउने कार्य हो। यसको उद्देश्य राष्ट्रिय स्वार्थको संरक्षण गर्नु हो (श्रेष्ठ, २०७७, पृ.९७) . राष्ट्रिय सुरक्षाले भौगोलिक,

सामाजिक, आर्थिक र राजनैतिक रूपमा देशको पूर्ण सुरक्षालाई बुझाउँछ । हरेक देशले आफ्ना आधारभूत मूल्य र मान्यतामा आधारित राष्ट्रिय आकांक्षा र राष्ट्रिय हितका विषयहरूको पहिचान गरेका हुन्छन् । यस्ता राष्ट्रिय आकांक्षा र हितका विषयलाई बाह्य आक्रमण वा आन्तरिक दबाब र चुनौतीहरूबाट सुरक्षित गर्दै सम्बर्द्धन र प्रबर्द्धन गर्ने प्रयत्न गरिरहेका हुन्छन् (राष्ट्रिय सुरक्षा नीति, २०७३) ।

विद्यमान सन्दर्भमा राष्ट्र-राष्ट्रबिचका तनावहरूको फेरबदलका कारण प्रत्येक राष्ट्रका लागि राष्ट्रिय सुरक्षा सबैभन्दा महत्त्वपूर्ण, जटिल र चुनौतीको विषय बन्नपुगेको छ । फलतः त्यस राष्ट्रका सुरक्षाका प्राथमिकताका विषयहरू समय र परिस्थितिअनुसार परिवर्तन हुने गर्दछन् (कुसुम २०७७,पृ.१३) । बलियो सुरक्षा निकाय, पर्याप्त हतियार तथा चलाख शासक र योग्य गुप्तचरलाई सुरक्षाका प्रभावकारी आधार र सूचक मान्ने परम्परागत विश्वासमा आमूल परिवर्तन भई सुरक्षाका आधार र सूचकलाई बहुआयामिक रूपमा विश्लेषण गरिनुपर्दछ भन्ने मान्यतालाई विकसित मुलुकहरूले अघि सारिरहेका छन् (पौड्याल,२०७७,पृ.१) ।

एकसय वर्ष अगाडिको सोच र राज्यले लिने सुरक्षासम्बन्धी नीति आजको सन्दर्भमा पटक्कै मेल राख्दैन । सुरक्षालाई कुन सिद्धान्तअनुसार कसरी अध्ययन गर्नुपर्छ भन्ने सम्बन्धमा हेर्दा २० औं शताब्दीमा विकास भएको सिद्धान्तलाई प्रमुख आधार मान्ने गरिन्छ । मूलतः पाँचवटा अवधारणाहरू जस्तै : शास्त्रीय यथार्थवाद, नवशास्त्रीय यथार्थवाद, नवयथार्थवाद, उदारवाद, निर्माणवाद जस्ता सिद्धान्त र आदर्शले पनि सुरक्षाको सैद्धान्तिक अवधारणालाई केन्द्रमा राखेर विकासको चर्चा गर्छन् (कुसुम,२०७७,पृ.११) । विश्वव्यापीकरणको विस्तारसँगै राष्ट्रिय सुरक्षाको विकासको दायरा पनि फराकिलो हुँदै गएको छ । सैन्य शक्तिको विस्तार र सीमा सुरक्षाको दायराबाट अबको सुरक्षा अवधारणाले मानवीय सुरक्षालाई पनि समेटेको छ ।

**समस्या कथन**

विश्वव्यापीकरण र राष्ट्रिय सुरक्षाका सैद्धान्तिक प्रसङ्गहरू यद्यपि एक अर्काबिच सहसम्बन्ध रहने विषय नभए पनि व्यवहारतः यी दुवै सैद्धान्तिक प्रसङ्गहरूमा जोडिएका गतिविधिहरूले समाज र राष्ट्रका बिचमा एक आपसमा अन्योन्याश्रित सम्बन्ध राख्ने गर्दछन् । सञ्चार र प्रबिधिको तीब्र विकासले गर्दा विश्व एउटा गाउँमा परिणत भइरहेको विद्यमान परिस्थितिमा विश्वमा हुने कुनै पनि गतिविधिहरूको प्रभावबाट कुनै पनि राष्ट्र/राज्य निरपेक्ष भइरहने स्थिति रहँदैन । अतः विश्वव्यापीकरणले गर्दा राष्ट्रराष्ट्रहरूबिच प्रविधिको आदानप्रदान, कला र सीपको विकास तथा धार्मिक, सांस्कृतिक प्रभाव तथा ती राष्ट्रहरूबिचमा आपसी सामञ्जस्य, सद्भाव र विकास एकातिर भइरहेको अवस्था छ भने अर्कातिर शक्तिसम्पन्न राष्ट्रहरूको उच्चाकाङ्क्षाले गर्दा स-साना निर्बल राष्ट्रराज्यहरूमा विकास निर्माण, सद्भावको अतिरिक्त सुरक्षा चुनौतीहरू पनि थपिएको छ । अतः यिनै सुरक्षा जटिलताका बिचमा प्रस्तुत आलेख तयार गर्नका निम्ति निम्नोल्लेख समस्याहरू प्रस्तुत गरिएको छ र ती यस प्रकार छन् :

क. विश्वव्यापीकरण र राष्ट्रिय सुरक्षाको अवस्था तथा स्वरूप के हो ?

ख. विश्वव्यापीकरणका कारण राष्ट्रिय सुरक्षामा देखिएका चुनौतीहरू के के हुन् ?

ग. चुनौती सामनाका उपायहरू के के छन् ?

**अध्ययनको उद्देश्य**

प्रस्तुत प्रश्नात्मक बुँदारूलाई निम्न उद्देश्यमा परिणत गरिएको छ :

क. विश्वव्यापीकरण र राष्ट्रिय सुरक्षाको अवस्था तथा स्वरूपमाथि प्रकाश पार्नु,

ख. विश्वव्यापीकरण र राष्ट्रिय सुरक्षामा देखिएका चुनौतीहरूको निरूपण गर्नु,

ग. विश्वव्यापीकरण र राष्ट्रिय सुरक्षाका चुनौतीको समाधानका उपायमाथि विश्लेषण गर्नु ।

### अध्ययन विधि

प्रस्तुत लेखलाई पूर्णता दिनका निम्ति सामाग्रीहरूको सङ्कलन गर्ने क्रममा मुख्यतः द्वितीयक स्रोत (पुस्तकालयीय) सामग्रीहरूको उपयोग गरिएको छ र आंशिक रूपमा प्राथमिक स्रोतको पनि उपयोग गरिएको छ । प्राथमिक स्रोतको उपयोग गर्दा सुरक्षा विषयसँग सम्बन्धित केही प्रबुद्ध व्यक्तिहरूसँग कुराकानी गरिएको छ र ती सन्दर्भलाई यहाँ प्राथमिक स्रोतका रूपमा राखिएको छ । अतः प्राथमिक र द्वितीयक स्रोतका यी सामग्रीहरूलाई ए.पि.ए. शैली/ढाँचा (Parenthetical Method) मा आवद्ध गर्दै व्याख्यात्मक/वर्णनात्मक विधिमा पूर्णता दिइएको छ । अतः लेखलाई पूर्णता दिन विश्वव्यापीकरण तथा राष्ट्रिय सुरक्षाका विषयमा आंशिक रूपमा परिचयात्मक सिद्धान्त निर्माण गर्दै त्यसकै आधारमा यसको व्याख्या विश्लेषण गरिएकाले यहाँ निगमनात्मक विधि (Deductive Method) को उपयोग गरिएको छ ।

### विश्वव्यापीकरणको बदलिँदो स्वरूप र आवश्यकता

विश्वव्यापीकरणको सुरूवात खोज्दै जाँदा केही दशर्क अगाडि पुग्न सकिए पनि मूलतः सन् १९८० को दशकमा यसले व्यापकता पाएको हो भन्न सकिन्छ । त्यतिबेला खास गरी उत्पादन, उपभोग तथा लगानीको प्रसारसँगै आर्थिक उदारीकरण, संरचनात्मक समायोजन कार्यक्रमहरू प्रयोगमा आए र राज्यहरूको भूमिका नाटकीय रूपमा कम हुँदै गयो र यो यात्रा यतिमै रोकिएन बरू विश्वको कुनै एउटा कुनामा कुनै शक्तिशाली राष्ट्र वा संस्थाले गरेको कुनै निर्णयको असर हजारौं किलोमिटर टाढा रहेको कुनै गाउँमा पर्न गएको गयो (Wahab,2002,P. 27)। यसरी वस्तु, पुँजी, प्रविधि, संस्कृतिको विश्वभर हुने विस्तार वा फैलावटले राज्यहरूका बिचमा रहेका भौगोलिक सिमाना र राज्य संरचनालाई समेत गौण बनाइदियो ।

विशेषतः बजार राज्यहरूको उदय र सूचना प्रविधिको क्षेत्रमा आएका यस प्रकृतिका क्रान्तिहरू नै विश्वव्यापीकरणका प्रमुख चालकहरू हुन् । यी दुवै विषयहरूले संसारका हर कुनाका मानिसहरूको जीवनशैलीमा व्यापक परिवर्तन ल्याइदिए । यसरी विश्वव्यापीकरण र शीतयुद्धको अन्त्यसँगै पुँजीवादी देशहरूले पुनः आफ्नो स्थान मजबुत बनाउन मौका पाएको र यसले पश्चिमा मूल्य, मान्यता, पक्षपातपूर्ण व्यवहार र सङ्गठित प्रचारलाई विश्वव्यापी बनाउन सहयोग मात्र गरेन (Wahab,2002,P. 28), अन्ततः बजारको विषयबाट प्रारम्भ भएको यस प्रकृतिको विश्वव्यापीकरणको सैद्धान्तिक मान्यताले पश्चिमा शक्ति राष्ट्रहरूको विश्वव्यापी यात्रामा सहयोग पुर्‍याएको हो । आजका दिनमा विश्वव्यापीकरणका यी यस्ता प्रभावहरू विश्व बजारमा पहुँच हुनेदेखि विश्वका विकट भूगोल र समुदायसम्म पनि पारेको देखिन्छ ।

United Nations Social Institute for Research and Development ले विश्वव्यापीकरणका प्रभावहरूलाई मूख्यतः लोकतन्त्रको फैलावट, बजार संयन्त्रहरूको आधिपत्य, विश्व अर्थ व्यवस्थाको एकीकरण, उत्पादन प्रणाली र श्रम-बजारको प्रसार, प्राविधिक परिवर्तनको बृहत् गति, सञ्चार-क्रान्ति, उपभोक्तावादको विस्तारको रूपमा चर्चा गरेको पाइन्छ (Acharya, 2015, P. 741) । यसरी विश्वव्यापीकरणले लोकतान्त्रिक विचारधाराको व्यापकता गराउन, विश्वका अधिकांश देशहरूको अर्थ व्यवस्थालाई जोड्नका लागि विश्व व्यापार सङ्गठनजस्ता संस्थाको स्थापना, वैदेशिक रोजगारका माध्यमबाट विप्रेषणको आप्रवाह, प्रविधिको विकास, आमसञ्चार माध्यम र सामाजिक सञ्जालको विकास तथा पहुँच र विश्वको एउटा कुनामा उत्पादन भएको वस्तुको अर्को कुनामा उपलब्धता जस्ता विषयमा सहयोग पुर्‍याएको छ । अर्कोतर्फ साना तथा अविकसित देशहरूको बजारमा ठूला देश र बहुराष्ट्रिय कम्पनीहरूको आधिपत्य स्थापित गर्न पनि बल पुर्‍याएको छ । यसरी विश्वव्यापीकरणका केही सकारात्मक र अधिक नकारात्मक पाटाहरू देखिएका छन् । समकालीन विकासका सूचकहरूको अध्ययनबाट के देखिन्छ भने आय-वितरणका दृष्टिले विश्वमा केही असमानता बढेको भए पनि समृद्धि, साक्षरता र आयुजस्ता मानव विकासका सूचकाङ्कहरूमा भने प्रगति भएको देखिन्छ (ज्ञवाली,२०७०,पृ. ४४३) ।

अक्स्फाम इन्टरनेसनलकी कार्यकारी निर्देशक Winnie Byanyima को Dec 19, 2018 मा Project Syndicate मा प्रकाशित भएको Globalization 4.0 For Whom शीर्षकको लेखमा विश्वव्यापीकरणमा कुनै नियम तथा विधि नहुँदा त्यसले सधै नकारात्मक असर ल्याएको र उता अन्तर्राष्ट्रिय मुद्राकोषले गरेको अनुसन्धानमा पनि वित्तीय विश्वव्यापीकरणले केही विकासशील राष्ट्रको व्यापारमा असन्तुलन वृद्धि गरेको, त्यस्तै जलवायु परिवर्तन पनि पूर्ण रूपमा असमान अर्थतन्त्रको लक्षण भएको र जहाँ निजी स्वार्थका नाममा धनी देशहरूले वातावरणीय पक्षलाई दुरूपयोग गरीरहेका छन् भन्ने विषयको तर्क उठाइएको छ ।

विश्वव्यापीकरणसँगै बहुराष्ट्रिय कम्पनीहरूको प्रभाव विश्वमा द्रुत गतिमा बढ्दै गएको छ । अमेरिकी उत्पादन (म्याकडोनल्डस्) अहिले १२० देशमा पुगेको छ । यसले अमेरिकी मूल्य, मान्यता, संरचना र सङ्गठनको विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । म्याकडोनल्डस्का संसारभर ३७ हजार रेस्टुरेन्ट सञ्चालित छन् । रूस, भारत, चीन, ब्राजिल, क्यानडा, जापानजस्ता देशबाट म्याकडोनल्डस् कम्पनीले मौद्रिक नाफा कुम्ल्याएर लगिरहेको छ । सन् १९८० मा सुरू भएको नवउदारवाद र खुला बजार तथा विश्वव्यापीकरणका कारण म्याकडोनल्डस् संसारभर फैलिरहेको छ । यस संस्थाको मुख्य लक्ष्य नै स्थानीय बजारलाई धुलोपिठो पार्दै अमेरिकी खाद्य-संस्कृति फैलाउनु रहेको पाइन्छ (सिलवाल, २०७५) ।

यसरी धनी राष्ट्र तथा यी मुलुकका बहुराष्ट्रिय कम्पनीहरू विश्वव्यापीकरणका प्रमुख माध्यम हुन् र यिनीहरूको बढ्दो फैलावटले साना तथा कमजोर राष्ट्रहरूको आन्तरिक क्षमतालाई खुम्च्याइदिएको छ । विश्वव्यापीकरणको सुरूवाती दिनहरूमा वस्तुगत व्यापारले बढी प्राथमिकता पाएको थियो भने अहिले आएर बौद्धिकतासँग सम्बन्धित कूटनीतिक विषयले प्राथमिकता पाइरहेको छ ।

## ६. नेपालका सन्दर्भमा विश्वव्यापीकरण

विश्व-बजारमा प्रवेश गर्दै वैदेशिक रोजगारको ढोका खुला भई विप्रेषण आप्रवाहले मुलुकको अर्थतन्त्रमा योगदान पुगेको जस्ता विषयहरू नेपालले प्राप्त गरेका केही फाइदाका रूपमा लिन सकिए तापनि विश्वव्यापीकरणबाट नेपालमा सकारात्मकभन्दा पनि नकारात्मक प्रभाव बढी परेको हो कि भन्ने चर्चा-परिचर्चा पनि हुन थालेको छ । विश्वव्यापीकरणका कारण नेपालजस्ता अल्पविकसित देशको परनिर्भरता बढ्दै गएको छ भने राष्ट्रिय नीति निर्माणमा समेत वैदेशिक पक्षहरूको प्रभुत्व बढ्दै गएको छ (Acharya, 2015, P. 742)। विश्वव्यापीकरणको प्रभावका कारण शक्तिशाली राष्ट्रहरूले कमजोर राष्ट्रको सार्वभौमसत्तामाथि अतिक्रमण गर्ने गरेको र विकासोन्मुख देशभित्र धनी र गरिबबिचको खाडल समेत बढाएको छ। यस प्रकृतिको सीमान्तीकरणले एक-आपसमा द्वन्द्वलाई बढाउने काम गरेको छ र यस्तो बजार संयन्त्रले विश्वलाई हुने र नहुनेका बिचमा विभाजन गर्ने काम गरेको छ। प्रविधिले निम्त्याएको विभेद -डिजिटल डिभाइड) पनि विश्वव्यापीकरणको अर्को चुनौती हो। विश्वव्यापीकरणले हरक्षेत्रमा पार्ने जुन प्रभावहरू छन् तिनलाई व्यवस्थापन गर्नु नेपाल जस्ता देशहरूका लागि चुनौतीपूर्ण छ। विश्वव्यापीकरणका नियम तथा प्रारूपहरू धनी देशहरूले निर्धारण गर्ने गरेका छन्। विश्व अर्थ-व्यवस्था र राजन}तिक प्रणालीको निर्णय-निर्माणको प्रक्रियामा विकासोन्मुख देशहरू अझै पनि बाहिर छन् (Acharya, 2015, P. 743)। अर्थ व्यवस्थाको विश्वव्यापीकरणको यस्तो विषयले विश्वव्यापीकरणसँग जोडिएका अन्य विषयहरू जस्तै :वातावरणीय ह्रास, सुरक्षा चासो र मानव अधिकार जस्ता विषयहरूलाई ओझेलमा पारेका छन् (Acharya, 2015, p. 744) ।

पर्यावरणीय सुरक्षा हाम्रा सन्दर्भमा मुख्य रूपमा जोडिएर आएको छ। जलवायु परिवर्तन र काब{न उत्सर्जनमा हाम्रो भूमिका शून्य प्राय: रहे तापनि यसको नकारात्मक प्रभावको उच्च जोखिममा नेपाल रहेको छ। जलवायु परिवर्तनका कारण सेता हिमालहरू कालापत्थरमा

परिणत हुने तथा Extreme Weather Pattern को बढ्दो कारणले पर्वतीय पर्यटन प्रभावित हुनुका साथै विपद्को जोखिम बढिरहेको छ । जसका कारण पर्यटन क्षेत्रको आय घटिरहेको यथार्थ हाम्रा अगाडि छ । यसले मुलुकको आर्थिक सुरक्षाको पाटोलाई सोचनीय बनाएको छ (तामाङ, अन्तर्वार्ता) ।

**राष्ट्रिय सुरक्षाको बदलिँदो आयाम**

राज्यको सुरक्षा भएपछि नागरिकको सुरक्षा स्वतः हुने गर्छ भन्ने मान्यता दोस्रो विश्वयुद्धभन्दा अगाडि व्यापक रूपमा थियो । फलतः आफ्नो देशको सेनालाई सङ्ख्यात्मक रूपमा बृहत् बनाउने र सेनाको क्षमता बृद्धिका लागि हातहतियारले सुसज्जित गराउने नीतिले व्यापकता पाएको थियो । सन् १९४५ अघिको स्थितिमा बेलायत, जर्मनी, जापान, इटाली, अमेरिका र फ्रान्स जस्ता देशहरू जो सम्पन्न थिए र जसका उपनिवेशहरू विभिन्न महादेशमा थिए, उनीहरूको प्रतिस्पर्धा भनेकै सैन्य शक्ति बढाउने, नयाँ उपनिवेश बनाउने र आफ्नो राष्ट्रिय ढुकुटी बलियो राख्नेमा मात्र केन्द्रित थियो । यसरी यो प्रतिस्पर्धा यति चुलियो कि अन्ततः आखिर दोस्रो विश्वयुद्ध भइछाड्यो । यस युद्धको मूल कारण भनेकै सैन्य बलमा विश्वमा आफूलाई सर्वश्रेष्ठ भनेर देखाउनकै लागि गरिएको प्रतिस्पर्धा थियो । जसको सैन्य बल श्रेष्ठ छ - उसको देश सुरक्षित छ - उसका नागरिक सुरक्षित रहन्छन् भन्ने शासकीय सोच त्यस बेला रहेको थियो । तर दोस्रो विश्वयुद्धको समाप्तिपश्चात् राज्य सुरक्षित भएर मात्र नागरिक सुरक्षित भइहाल्छन् भन्ने हिजोको पुरातन अवधारणामा परिवर्तन आएको छ । परिवर्तित अवधारणाअनुसार सैनिक बलको श्रेष्ठताले मात्र राज्य सुरक्षित हुँदैन । जबसम्म राज्यका प्रत्येक व्यक्तिलाई शिक्षा, स्वास्थ्य, गरिबी र शोषणबाट मुक्त गरिदैंन, तबसम्म मानव सुरक्षा नहुने र मानव सुरक्षित भएनन् भने राज्य पनि सुरक्षित नहुने यस्तो मान्यता र विचारधाराले ठाउँ पाएको देखिन्छ । मूलतः संयुक्त राष्ट्रसङ्घको स्थापना भएपछि यस अवधारणाले बल पाएको छ । यसरी संयुक्त राष्ट्रसङ्घको स्थापना र त्यसका विभिन्न लाइन र स्टाफ एजेन्सीहरूको माध्यमबाट राष्ट्रिय सुरक्षाको विषयले मानव सुरक्षाको पक्षलाई समेट्नुपर्छ भन्नेतर्फ जोड दिँदै बाल, वृद्ध, महिला, वातावरण, अर्थ, जनसङ्ख्या लगायतका क्षेत्रमा विभिन्न कार्यक्रमहरू नै सञ्चालन गरिए पनि दोस्रो विश्वयुद्ध सकिएपछिको शीतयुद्धले मानव सुरक्षाको विषय त्यती सबल हुन सकेन । यस क्रममा दोस्रो विश्व युद्धपछिको अवस्था यस्तो रह्यो जसले गर्दा शक्ति सम्पन्न राष्ट्रहरू आ-आफ्नो सैनिक श्रेष्ठता कायम गर्नका लागि परमाणु-अस्त्रको विकासमा संलग्न हुन थाले र NATO, WARSA PACT जस्ता अन्तर र्राष्ट्रिय सामरिक गुट वा संस्थाहरू निर्माण गर्नमा उद्यत भए । यसले गर्दा राष्ट्रिय सुरक्षाको त्यो परम्परावादी परिभाषामा तात्विक परिवर्तन आएन । यसै पृष्ठभूमिमा सन् १९९० मा शीतयुद्धको समाप्त भएपछि अर्थात् सोभियत गणराज्यको विघटनपछि परम्परागत सुरक्षा अवधारणामा क्रान्तिकारी परिवर्तन आयो (कुसुम,२०७७,पृ.८-९) । यसै पृष्ठभूमिमा पुँजीवादी राष्ट्रको नेतृत्व NATO अन्तर्गत अमेरिकाले र समाजवादी राष्ट्रहरूको नेतृत्व WARSA PACT अन्तर्गत सोभियत सङ्घले लिएको सन्दर्भमा ती दुवै खेमामा संलग्न नहुने नीति लिएर नेपालका राजा महेन्द्र, भारतीय प्रधानमन्त्री नेहरू, युगोस्लाभाकियाका राष्ट्रपति टिटो लगायतका व्यक्तित्वहरूको अग्रसरतामा वाङडुङ सम्मेलनपछि सन् १९६१ मा पहिलो बेलग्रेड सम्मेलन आयोजना गरियो । जसले शक्ति राष्ट्रको संलग्नतामा नरही नवीन सामरिक विश्व दृष्टिकोण प्रस्तुत गर्‍यो । यस अभियानले शक्ति राष्ट्रका गतिविधिलाई केही हदसम्म निराकरण गर्ने प्रयत्न गर्‍यो र विश्वशान्तिमा यो अभियान एउटा कोसेढुङ्गाका रूपमा स्थापित हुनपुग्यो (Aggrwal, 1984, p. 706) ।

राष्ट्रिय सुरक्षाको कुरा गर्दा पृथ्वीनारायण शाहका पालादेखि नै हाम्रो मुलुकको आन्तरिक र बाह्य सुरक्षालाई विशेष ध्यान दिएको देखिन्छ । यसै क्रममा कुशल, सुझबुझपूर्ण र चलाख कूटनीति अवलम्बन गरेर विश्वका कतिपय स-साना र विकासोन्मुख राष्ट्रहरूले आफ्नो सार्वभौम अस्तित्व बचाएर राख्न सफल भएका विश्वमा उदाहरण धेरै छन् । यसै पृष्ठभूमिमा नेपालमा पनि शाहवंशीय राजाहरू तथा राणा शासकहरूले

कूटनीतिक चातुर्यका माध्यमबाट छिमेकी राष्ट्रमा अङ्ग्रेज शक्तिको दबदबा भइरहँदा समेत नेपाललाई स्वतन्त्र र सार्वभौम राष्ट्र कायम राख्न सफल भएको इतिहास हाम्रो सामु छर्लङ्ग छ (पौड्याल, २०७७,पृ.२) ।

तर स्मरणीय कुरा के छ भने विभिन्न राष्ट्रका बिचमा परम्परागत तनावहरूको स्वरूप फेरबदल भई बेलाबखत जातीय, भाषिक, क्षेत्रीय र धार्मिक द्वन्द्वहरू हुने गरेका छन् । यसक्रममा यी यस्ता विषय वा पक्षहरू बल्झिएर कतिपय स्थानमा अतिवादी र पृथकतावादी स्वरूप लिई निर्दोष मानिसहरूले ज्यान गुमाउनुपरेको र शरणार्थी समस्या उत्पन्न भई उनीहरूले आफ्नो राज्य गुमाउनुपरेको तितो इतिहास विश्वसामु छ । सङ्गठित अन्तर्राष्ट्रिय अपराध र आधुनिक प्रविधिको दुरूपयोग तथा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपजस्ता सामाजिक, प्राकृतिक सन्दर्भले विश्व समाजमा जोखिम उत्पन्न मात्र भएको छैन, प्राकृतिक स्रोतहरूको अति र अव्यवस्थित दोहन, अनियन्त्रित जनसङ्ख्या वृद्धि, महामारी रोगहरूको विस्तार, खाद्यान्न असुरक्षा एवम् स्वच्छ पिउने पानीको अभावजस्ता विषयले मानवीय सुरक्षामा विश्वमा विविध समस्या देखा परिरहेका छन् । अन्तर्राष्ट्रिय, क्षेत्रीय र स्थानीय द्वन्द्व तथा यसबाट सिर्जित समस्याले राजनैतिक अस्थिरता र त्यस राष्ट्रको आपूर्तिमा समस्या उत्पन्न हुने गरेको छ । यस्तै कुनै राष्ट्रको प्राकृतिक स्रोतहरूमा सीमित व्यक्ति तथा राष्ट्रहरूको बढ्दो आधिपत्यले असमानताको सिर्जना भई द्वन्द्व उत्पन्न हुने गरेको स्थिति छ । अतः यस्तो पृष्ठभूमि र परिप्रेक्ष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा वातावरण जटिल तथा चुनौतीपूर्ण बन्दै गएको छ । यस्तो आन्तरिक र बाह्य परिस्थितिको समयमै विश्लेषण गर्दै सम्बन्धित राष्ट्र वा राज्यले आफ्नो रक्षा नीति, परराष्ट्र नीति, अर्थ नीति, आन्तरिक सुरक्षा तथा सार्वजनिक सूचना नीतिका माध्यमबाट राष्ट्रिय सुरक्षा कार्य गर्नुपर्ने हुन्छ (राष्ट्रिय सुरक्षा नीति, २०७३) । साथै, वर्तमानमा राष्ट्रिय सुरक्षाको आन्तरिक विषयअन्तर्गत विपद् व्यवस्थापन, विशिष्ट तथा अतिविशिष्ट व्यक्तिहरूको सुरक्षा, ठूला आयोजनाहरूको सुरक्षा व्यवस्थापन, सामाजिक आर्थिक सुरक्षा, प्रविधिजन्य सुरक्षालगायतका विषय पनि जोडिएर आएका छन् । त्यस्तै, बाह्य सुरक्षाअन्तर्गत अरू देश तथा संस्थासँग कूटनैतिक सम्बन्धमा थप सुधार, विभिन्न ठूला देशहरूले लिने सुरक्षा रणनीतिका विषयहरू जस्तैः इण्डो प्यासीफिक रणनीति तथा बेल्ट एन्ड रोड इनिसियटिभजस्ता सामरिक महत्त्वका विषयमा आफ्नो राष्ट्रिय स्वार्थअनुसार लाभ लिने विषय पनि मुलुकको राष्ट्रिय सुरक्षाको बदलिँदो आयामका रूपमा लिन सकिन्छ ।

## राष्ट्रिय सुरक्षाको संवैधानिक तथा नीतिगत प्रावधान

नेपालको संविधानको धारा ५ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालको हक हितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभूत विषय हुनेछन् भनी उल्लेख गरिएको छ । त्यस्तै नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरूअन्तर्गत राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने, राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने विषयलाई समेटिएको छ । यसरी हेर्दा नेपालको संविधानले नेपालको सुरक्षा नीतिलाई महत्त्वपूर्ण र पहिलो नीतिका रूपमा व्यवस्था गरेको हुँदा यो नीतिको महत्त्व अझ बढेर गएको पाइन्छ ।

त्यसै गरी राष्ट्रिय सुरक्षा नीति, २०७३ मा देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान र सामाजिक सद्भावलाई अक्षुण्ण राख्दै राष्ट्रिय स्रोत-साधनहरूको समुचित उपयोग गर्नसक्ने वातावरण कायम राख्न राष्ट्रिय सुरक्षा नीतिको आवश्यकतामाथि औँल्याइएको छ । त्यस्तै राष्ट्रिय सुरक्षा र विश्व-शान्तिका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विश्वास र सहयोग अभिवृद्धि

गर्न, बदलिँदो अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय सुरक्षा वातावरण, भू-राजनैतिक, सुरक्षा चुनौती तथा सम्भावनालाई सम्बोधन गरी राष्ट्रिय हितको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै राष्ट्रिय उद्देश्य र लक्ष्य हासिल गर्नसमेत राष्ट्रिय सुरक्षा नीतिको आवश्यकता रहेको विषय उल्लिखित नीतिमा समावेश गरिएको छ ।

राष्ट्रिय सुरक्षा नीति, २०७३ को बुँदा १.५.१ मा नेपालको स्वतन्त्रता सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान तथा नेपालीको हकहितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि राष्ट्रिय सुरक्षा नीतिलाई मार्गदर्शन गर्ने आधार हुन् भनिएको छ । बुँदा नं १.७.१ मा भौगोलिक अवस्थिति र खुला सिमाना राष्ट्रिय सुरक्षामा प्रभाव पार्ने तत्त्व हुन् भन्दै बुँदा नं. १.९.६ मा खुला अन्तर्राष्ट्रिय सिमाना र सीमा-अतिक्रमण बाह्य चुनौती र खतरा हुन् भन्नेजस्ता विषय समावेश गरिएको छ । समग्रमा हाम्रो संविधान र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिले राष्ट्रिय हितलाई केन्द्रमा राख्दै आन्तरिक तथा बाह्य रूपमा राष्ट्रलाई बलियो बनाउने र विश्वमा देखिएका समकालीन सुरक्षा चुनौतीलाई सम्बोधन गरी लाभ लिने विषयलाई प्रमुखता दिएको देखिन्छ ।

## राष्ट्रिय सुरक्षाका चुनौतीहरू

नेपालको भूमिलाई शक्तिसम्पन्न राष्ट्रले प्रयोग गर्नसक्ने सम्भावनाप्रति चनाखो हुने र प्रतिआतङ्कवादको पक्षबाट सुरक्षा व्यवस्थापनमा तदारूकता देखाउने काम पनि हाम्रा लागि चुनौतीपूर्ण छ । सुरक्षा विषय सम्बद्ध सूचना सङ्कलन, प्राप्ति, विश्लेषण र कार्यान्वयनको विषयमा नेपालको सूचना प्रणाली प्रतिस्पर्धी बन्न सकिरहेको देखिँदैन । सीमा-सुरक्षा, ऐतिहासिक दस्तावजेहरूको अभिलेख तथा त्यसको व्यवस्थापनजस्ता विषय र स्वतन्त्र आवागमन, वाक् स्वतन्त्रताजस्ता लोकतान्त्रिक खुलापनले गर्दा पनि यहाँको राष्ट्रिय सुरक्षामा चुनौती थपिएको छ । यस्तै रोजगारीको अभाव, गरिबीलगायतका कारणले पनि मुलुकको आन्तरिक सुरक्षा कमजोर बनाउनसक्छ (कुसुम,२०७७,पृ.२१) । यसर्थ यहाँको सुदृढ शान्ति स्थापनाको दीर्घकालीन उपाय भनेकै गरिबीको अन्त्य हो ।

नेपालको सन्दर्भमा विडम्बना नै मान्नुपर्ने हुन्छ कि विगतमा धेरै सरकार परिवर्तन भए । फलतः पहिलेका नीति, सिद्धान्त र कार्यक्रमले निरन्तरता नपाउने र कथंकदाचित पाइहाले पनि पूर्व नीति तथा कार्यक्रमहरू अर्को सरकारको प्राथमिकतामा नपर्ने जस्ता तीता सत्य हाम्रो सामु छर्लङ्ग रहेका छन् (पौड्याल, २०७७,पृ.५) । यस्तै हाम्रो दक्षिणी खुला सीमाका कारण कुनै अपराध गरी छिमेकी मुलुक भारतमा पलायन हुने कारणले पनि राष्ट्रिय सुरक्षाका लागि चुनौती थपिरहेको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक तथा विविधतायुक्त भौगोलिक अवस्था भएकाले पनि यहाँको सुरक्षा व्यवस्थापनमा चुनौती देखिन्छ । यस्तै मुलुकको सुरक्षा नीतिमा प्रभाव पार्ने केही तत्त्वहरू निम्नानुसार छन् र ती विषयको चर्चा यहाँ प्रस्तुत गरिएको छ (मेधासी, २०७७, पृ.४४) ।

क. खबरको चुहावट तथा साइबर हमला - नेपालमा कल बाइपास गर्ने र बैंकहरूको खाताहरू ह्याकिङ गरी रकम दुरूपयोगका घटनाहरूमा पनि वृद्धि भइरहेको छ । साइबर हमलाले बैङ्किङ\ क्षेत्र, निजी व्यापारिक कारोबार, सरकारी स्रेस्ता, आर्थिक आय व्यय विवरणका तथ्याङ्कहरू समेत मेटिन जाने र देशको आर्थिक क्षेत्रमा ठुलो सङ्कट आउनसक्ने देखिन्छ ।

ख. आतङ्ककारी सङ्गठनको सञ्जाल र गतिविधि- पश्चिम र दक्षिण एशियामा सक्रिय गतिविधि सञ्चालन गरेका आतङ्ककारी सङ्गठनहरूलाई खुला सिमानाको कारण नेपाल प्रवेश गर्न समस्या नहुन सक्छ । यसरी आतङ्ककारीहरू नेपालभित्र प्रवेश गरी सुरक्षित आश्रयस्थलको रूपमा नेपाली भूमिलाई प्रयोग गर्नसक्ने समेत देखिन्छ । जुन मुलुकको सुरक्षाका निम्ति गम्भीर चुनौती हुनसक्छ ।

ग. आन्तरिक विद्रोह- आन्तरिक विद्रोहका कारण देशमा शान्ति सुरक्षाको अवस्था राम्रो नहुँदा वैदेशिक लगानी, अन्तर्राष्ट्रिय व्यापार, पर्यटन, प्रवर्द्धन र विकास, राष्ट्रिय गौरवका आयोजनाको निर्माण सम्पन्न गर्ने महत्त्वपूर्ण कार्यहरूमा आन्तरिक

विद्रोहले असर गर्दछ । नेपालमा विगतको दश वर्षे विद्रोहका कारण पनि वैदेशिक सहयोग लगायतका विषयहरू प्रभावित भएका थिए र पछि पनि यस्तै भए त्यो अवस्था रहिरहने छ ।

घ. मानव ओसार-पसार तथा चेलीबेटी बेचबिखन कार्य- राष्ट्रिय मानवअधिकार आयोगको सन् २०१९ को वार्षिक प्रतिवेदनमा करिब ३५,००० व्यक्तिहरू (युवायुवती र बालबालिकाहरू) को नेपालबाट तस्करी भएको उल्लेख गरिएको छ . यस्तो विसङ्गतिका पृष्ठभूमिमा राष्ट्रिय सुरक्षा नीति पनि संवेदनहीन र कमजोर बन्नजान्छ ।

ङ. अवैध हातहतियार विस्फोटक पदार्थ एवं लागु औषध बेचबिखन तथा ओसार-पसार - दक्षिण एशिया संसारमा पश्चिम एसियापछिको दोस्रो हतियार बेचबिखन र दुरूपयोग भइरहेको क्षेत्र मानिन्छ । नेपालमा पनि लागू औषध कारोबारीहरू समय समयमा पक्राउ परिरहने हुनाले पनि यो परि स्थिति अवश्य पनि एउटा सुरक्षा चुनौतीका रूपमा खडा भएको छ ।

च. विस्थापित आप्रवासनमा वृद्धि - भुटानबाट विस्थापित भएका नेपाली मूलका शरणार्थीहरूलाई विभिन्न मित्रराष्ट्रहरूको प्रायोजनमा विदेशमा स्थापित गरे तापनि अझै केहीले नेपालमै शरणार्थी जीवन बिताइरहेका छन् । त्यसैगरी सन् १९६० को दशकमा नेपाल प्रवेश गरेका २० हजार तिब्बती शरणार्थीहरू समेत विभिन्न स्थानमा बसोवास गरिरहेका छन् । नेपालमा भुटानी शरणार्थीबाहेक अन्य देशबाट आएका शरणार्थीलाई संयुक्त राष्ट्रसङ्घीय शरणार्थी आयोगले दर्ता गरेको छैन जसका कारण कुन देशका कति शरणार्थी छन् भन्ने आधिकारिक तथ्याङ्क तयार गर्न समेत हामीलाई कठिन भइरहेको छ । अतः बढ्दो शरणार्थीको यस्तो आप्रवासनले राष्ट्रिय सुरक्षामा समेत असर पार्नसक्ने देखिन्छ ।

छ. धनी र गरिबबिचको समृद्धिको अन्तरमा वृद्धि - विगत तीन दशकमा नेपालको निरपेक्ष गरिबी ४२ प्रतिशतबाट २१ प्रतिशतमा झरे तापनि नेपालमा धनी र गरिबबिचको अन्तर भने झन् झन् बढेको छ । यसैगरी विश्वव्यापीकरणका कारण एक ठाउँमा देखापरेको रोग तथा महामारीको प्रसार विश्वका अन्य ठाउँमा पनि हुने हुनाले राष्ट्रिय सुरक्षामा यस्तो अवस्थाले चुनौती सिर्जना गर्न सक्छ । उदाहरणका लागि गत वर्ष चीनको बुहानमा देखिएको कोभिड-१९ महामारीले यतिबेला विश्वलाई आक्रान्त पारिरहेको छ र मानव जीवन माथि ठूलो चुनौती थपिरहेको छ ।

राष्ट्रिय सुरक्षाको सबालमा आन्तरिकभन्दा बाह्य चुनौतीहरू बढी घातक सिद्ध हुनसक्छन् । नेपाली परिप्रेक्ष्यमा हेर्दा नेपाल र भारतका बिचको सीमारेखा वारपार गर्नुपर्दा छ दशकअगाडिसम्म राहदानी प्रथाको प्रचलन थियो तर काठमाण्डौँलाई भारतको रक्सौल जोड्ने त्रिभुवन राजपथ निर्माण हुन सुरू भएपछि राहदानी प्रथामा क्रमशः सुस्ती हुँदै आयो (श्रेष्ठ,२०७७,पृ.१०१) अहिले यस्तो प्रणाली शून्यावस्थामा छ । वर्तमानमा नेपाल र भारतका बिच वर्षौं{ पुरानो सम्बन्धका कारण राहदानी प्रणाली उपयुक्त नभए तापनि यसको नियमन हुनुपर्छ भन्ने आवाज उठ्न थालेका छन् । यस विषयलाई नेपाल भारत प्रबुद्ध व्यक्ति समूह (इपिजि) को बैठकमा समेत उठाइएको भनेर विभिन्न आमसञ्चार माध्यममा आएको थियो । त्यसैगरी बढ्दो व्यापार-घाटाले राष्ट्रिय उत्पादन र वितरण प्रणालीलाई खल्बल्याएको छ । यो पनि हाम्रा सन्दर्भमा राष्ट्रिय सुरक्षाको एउटा चुनौतीका रूपमा देखिएको छ .

### विश्वव्यापीकरणका कारण राष्ट्रिय सुरक्षामा देखिएका चुनौती

नेपालको भौगोलिक अवस्थिति दुई कारणले महत्त्वपूर्ण छ; सकारात्मक कोणबाट विश्लेषण गर्दा भू-वेष्टितको ठाउँमा नेपाल भू-जडित Land-Linked हुनपुगेको छ र दुई देशहरू चीन र भारतको बिचमा रहेर नेपालले दुवै छिमेकी मुलुकहरूलाई जोड्ने सेतु अर्थात् पुलको काम गर्नसक्छ र दुवै देशले गर्ने आर्थिक विकासको पर्याप्त लाभ नेपालले लिनसक्छ । तर अर्को कोणबाट हेर्दा, सामरिक र रणनैतिक हिसाबले नेपाल यस्तो

ठाउँमा उभिएको छ, जुन ठाउँमा शक्तिसम्पन्न राष्ट्रहरूले आफ्नो आर्थिक, राजनैतिक र नीतिगत उपस्थिति जनाएर नेपालको काँधमा बन्दुक राखेर एक अर्का विरूद्ध पड्काउने काम पनि गर्नसक्छन् । यस हिसाबले राष्ट्रिय सुरक्षाको विषय यहीँनिर गम्भीररूपमा आकर्षित हुन्छ (कुसुम,२०७७, पृ.१८) । फलतः आज सङ्गठित र अन्तर्राष्ट्रिय अपराध बढ्नुका साथै आधुनिक प्रविधिको दुरूपयोग पनि व्यापक रूपमा हुँदै जान थालेको देखिन्छ । राष्ट्र-राष्ट्रहरूबिचमा परम्परागत तनावहरूको स्वरूप परिवर्तन भइरहने हुँदा अन्तर्राष्ट्रिय सुरक्षा वातावरण जटिल तथा चुनौतीपूर्ण बन्दै हाम्रो मुलुक पनि प्रभावित हुनसक्छ (पौड्याल, २०७७,पृ.३) । यस्तै प्रविधि विकास तथा अन्तर्राष्ट्रिय खुलापनले गर्दा हाम्रो राष्ट्रिय सुरक्षामा चुनौती बढेको छ । प्रविधिले विकासलाई जति उचाइमा पुऱ्याउँछ, प्रविधिको कारणले हुने खतरा पनि त्यसभन्दा बढी दरमा बढ्छ । सेयर बजार, बैङ्किङ प्रणाली, सूचना सम्प्रेषण, तथ्याङ्क अभिलेख र सैन्य गतिविधिदेखि लिएर निर्वाचन परिणाम, अन्तरिक्षमा पठाइने भू-उपग्रह प्रणाली र औद्योगिक क्रियाकलापले हाम्रो साइबर प्रणालीमा खतरा बढिरहेको छ (कुसुम,२०७७,पृ.१७) । राष्ट्रिय सुरक्षा र राष्ट्रिय हित एक अर्कासँग सम्बन्धित छन् । यी दुईमध्ये एउटामा उत्पन्न हुने खतराले अर्कोलाई पनि असर गरिरहेको हुन्छ । वर्तमान सन्दर्भमा विश्वका सबै देशहरूले बसाइँसराइ{, साइबर हमला, आतङ्कवाद, वातावरणीय समस्या, जलवायु परिवर्तन, आतङ्कवादी हमला, गैरराज्य पात्रहरूको उदय, कोभिड १९ जस्ता रोगहरूको महामारी, धार्मिक तथा जातीय द्वन्द्व, गरिबी, आर्थिक असमानताजस्ता विषय राष्ट्रिय सुरक्षाको चुनौतीका रूपमा उदय भएका छन् (Yadav, 2077,P. 244) । यस्तै जलवायु परिवर्तनको विषय-सन्दर्भ राष्ट्रिय सुरक्षाको विषयभित्र पर्नु वातावरणीय लडाइमा लागेकाहरूका निम्ति एउटा ठूलो विजयको विषय हो । स्मरणीय कुरा यो छ कि कुनै पनि आतङ्वादी सङ्गठनभन्दा धेरै गुणा खतरा विश्वको तापक्रम बढदै जानु हो र यसको असर दूरगामी बनी कालान्तरसम्म रहिरहन्छ ।

यसै गरी वर्तमान सन्दर्भमा विश्वव्यापीकरणको सीमाविहीन अवस्था स-साना राष्ट्रहरूका लागि चुनौतीको विषय बनेको छ भने उता ती राष्ट्रहरूले विश्वव्यापीकरणले ल्याएका राम्रा अवसरहरूलाई पनि समात्न सकेका छैनन् । विश्वव्यापीकरणका एजेन्टहरूः विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता संस्थाहरूले विकासोन्मुख राष्ट्रहरूको क्षमता विकासमा जोड दिएका छन्, तर यी संस्थाहरूलाई परोक्ष रूपमा नव औपनिवेशिकवाद स्थापनाका एजेण्टको रूपमा आलोचना पनि भइरहेको छ (Baral,2017,P. 112). यसरी विकासोन्मुख राष्ट्रमा आफ्नो प्रभुत्व जमाएर यी संस्थाहरूले आन्तरिक सुरक्षामा चुनौती थप्न सक्छन् भन्ने धारणा प्रबल बनिरहेको छ ।

विश्वव्यापीकरणलाई व्यापक बनाउनका लागि सामाजिक सञ्जालको भूमिका ठूलो छ . यसले राष्ट्रिय सुरक्षामा समेत चुनौती थपेको छ । दुई देश जोडिएका विषयलाई सामाजिक सञ्जालले तनावपूर्ण समेत बनाएका छन् । पछिल्लो उदाहरणका लागि नेपालले आफ्नो भूमि समावेश गरी राजन}तिक नक्शा प्रकाशन गरेपछि दुवै देशका नागरिकले सामाजिक सञ्जालमा व्यक्त गरेका विषयहरूले तनावलाई थप उत्तेजित बनाएको देखिन्थ्यो । त्यस्तै सामाजिक सञ्जालमा व्यक्तिगत रूपमा राखिने विवरणहरू, त्यस्ता विवरण तथा तथ्याङ्कमा अनधिकृत पहुँच हुने जस्ता विषयले पनि राष्ट्रिय सुरक्षामा चुनौती थपेको छ ।

हामीकहाँ नीति निर्माण गर्दा अन्तर्राष्ट्रिय विकास साझेदारहरूको हस्तक्षेप हुने गरेको देखिन्छ । धरातलीय यथार्थताभन्दा बाहिर गएर नीति बन्ने र त्यसले गर्दा समस्या-समाधान त परैरहोस् नीतिगत अस्थिरता पनि बढिरहेको छ । यसरी नीति निर्माणमा स्वतन्त्र हुननसक्ने वर्तमान यस्तो परिपाटीले पनि राष्ट्रिय सुरक्षामा खलल पुऱ्याउने देखिन्छ ।

त्यसै गरी भेषभूषा, रहनसहन, खानपिनका शैली तथा संस्कृतिहरूमा विदेशी प्रभाव बढ्दै जानु, जात्रा, पर्व, गुठीजस्ता परम्परागत संस्कृतिहरूका ठाउँमा आयातीत अंग्रेजी नयाँ वर्ष तथा क्रिसमस डे मनाइने अभ्यास

बढ्दै जानुका पृष्ठाधारमा विश्वव्यापीकरणकै प्रभाव हो भन्न सकिन्छ। साथै समाजमा विगतमा रहेका अर्म, पर्म जस्ता सहयोगात्मक प्रथाहरू हराउँदै जानु, हिजोका दिनमा गोरेटो, घोडेटो बाटो खन्न तथा साना-तिना विकास निर्माणका कार्य समुदायस्तरबाट हुने जुन परम्परा थियो, त्यस विषयमा आज राज्यको मुख ताक्ने परिपाटीको विकास भइरहेको छ। यसरी विश्वव्यापीकरणले मुलुकको परम्परित आदर्श संस्कृतिमा प्रभाव पर्दो छ र यसले सामाजिक आदर्श परम्परालाई खुकुलो बनाउँदै गएको छ . यसले अन्तत : राष्ट्रिय सुरक्षालाई कमजोर बनाउनमा भूमिका खेलेको छ। साथै विश्वमै अबका केही दशकमा पानीको समस्या आइपर्ने र त्यसले अर्को ठूलो युद्ध गराउने गम्भीर सन्दर्भमाथि विश्व व्यवस्थाका अध्येताहरूले उल्लेख गर्ने गरेका छन्। हामीसँग जलस्रोतको ठूलो भण्डार रहेको र छिमेकी देशसँग विगतमा गरिएका जलस्रोतसँग सम्बन्धित सन्धि-सम्झौताहरूमा प्रशस्त प्रश्न गर्ने ठाउँ भएको धेरैको बुझाई छ। यसबाट सिर्जित चुनौती पनि हाम्रो राष्ट्रिय सुरक्षासँग जोडिन आएको छ। त्यस्तै आन्तरिक राजनीतिमा बाह्य हस्तक्षेप, पहिचानको राजनीतिमा कतिपय अवस्थामा विदेशी राष्ट्र तथा संस्थाले इन्धनको रूपमा पनि काम गरेको चर्चा परिचर्चा हुनु पनि हाम्रो राष्ट्रिय सुरक्षाका चुनौती हुन्। त्यस्तै नेपालमा सञ्चालित बहुराष्ट्रिय कम्पनीहरूमा प्राविधिक ज्ञान तथा श्रम सम्बन्धका कारण नेपाली श्रमिकहरूले प्राथमिकता नपाउने पनि अर्को चुनौतीको विषय हो जुन विश्वव्यापीकरणका कारण सिर्जना भएको भन्न सकिन्छ।

**चुनौती समाधानका उपायहरू**

नोबल पुरस्कार विजेता जोसेफ इ स्टी ग्लीजले विश्वव्यापीकरणले राम्रोसँग काम गर्नका लागि यसको सही व्यवस्थापन गर्न जरूरी छ भनेका छन्। साथै उनले सन् २००७ मा लेखेको पुस्तक Making Globalization Work मा कसैलाई हानी नगर्ने नीति लिनुपर्ने र विश्वव्यापीकरणको लोकतान्त्रीकरण गर्न सुझाएका छन् (Acharya, 2015, P. 745) . जलवायु परिवर्तनबाट सिर्जित प्रभावलाई न्यूनीकरण गर्न सङ्घदेखि स्थानीय तहसम्म सचेतनाका कार्यक्रम सञ्चालन गर्ने, कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोगबाट प्राकृतिक प्रकोपहरूको पूर्व-सूचना लिने र मानवीय सुरक्षाको व्यवस्था अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ भनिएको छ (मेधासी,२०७७,पृ.५२-५३)। त्यस्तै इन्धन र खाद्यान्न सङ्कट समाधानका लागि कृषि उत्पादनमा आत्मनिर्भरता बढाउँदै र कृषिलाई प्राथमिकीकरण गर्दै विद्युत उत्पादन र सहुलियत दरमा आपूर्तिमा जोड दिँदै जानु आवश्यक छ। वैदशिक व्यापारमा यसले गर्दा सन्तुलन भई आत्मनिर्भरताको विकास र राष्ट्रिय पुँजीको विकासमा टेवा पुग्छ।

त्यस्तै आर्थिक असमानताको सम्बोधन, विविधता व्यवस्थापन, सुरक्षा निकायको आधुनिकीकरण र व्यवसायीकरण, आप्रवासन र शरणार्थी समस्याको सम्बोधन, दक्षिणतर्फको खुला सिमाना व्यवस्थित गर्ने, राजनैतिक लोकतान्त्रिकरण पनि हाम्रा लागि महत्त्वपूर्ण छन् । यस्तै सामाजिक सद्भाव, भेदभाव रहित समाजको स्थापना, सचेतनाको विकास, गरिबी निवारण, आर्थिक उन्नति, रोजगारीको सिर्जना, दक्ष जनशक्ति, कानुनी शासनको प्रत्याभूति, कुटनैतिको माध्यमबाट विश्व समाजमा आपसी विश्वास सुदृढ गर्ने, प्रविधिगत चुनौतीका लागि नयाँ नयाँ आविष्कारमा जोड दिने, अर्थतन्त्र मजबुत बनाउने, वातावरण संरक्षणका लागि हिमालदेखि समुद्रसम्मको सञ्जालीकरणमा वहस र पैरवी गर्नेजस्ता यी महत्त्वपूर्ण अन्य विषय सन्दर्भले पनि विश्वव्यापीकरणका कारण सिर्जित हाम्रो राष्ट्रिय सुरक्षा चुनौतीको समाधान गर्नसक्छ (गैरे,अन्तर्वार्ता)।

पन्ध्रौं योजना (२०७६/७७ - २०८०/८१) ले अन्तर ाष्ट्रिय आर्थिक सम्बन्धलाई व्यवस्थित बनाउनका लागि अन्तर्राष्ट्रिय जगत्मा नेपालको राष्ट्रिय हित, राष्ट्रिय छवि, राष्ट्रिय पहिचान र प्रतिष्ठाको प्रवर्द्धन गर्ने, नेपालको आर्थिक कूटनीतिलाई रणनैतिक तथा नतिजामूलक रूपमा परिचालन गर्ने, कूटनीतिक दक्षतामा अभिवृद्धि गर्ने, संयुक्त राष्ट्र सङ्घीय प्रणालीका अङ्ग तथा विश्व व्यापार सङ्गठन जस्ता निकायको कार्यकारी तहमा नेपालको प्रतिनिधित्व गराउने जस्ता विषयलाई समावेश

गरेको छ (पन्ध्रौं योजना, २०७६, पृ.२७९-२८१)। त्यस्तै राष्ट्रिय सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सुरक्षा सम्बन्धी नीति, रणनीति र कानून तथा सङ्गठनात्मक पक्षमा समसामयिक सुधार गर्ने, कानुनको परिपालना, सामाजिक न्याय र द्वन्द्व व्यवस्थापनमार्फत दिगो शान्ति प्रवर्द्धन गर्ने, शान्ति-सुरक्षा, अपराध अनुसन्धान र नियन्त्रणका लागि आधुनिक प्रविधिको प्रयोग तथा गुप्तचर सुरक्षा प्रणालीको संस्थागत एवम् प्राविधिक सुदृढीकरण गर्ने, विकासका सबै आयाममा सुरक्षा चासोको सम्बोधन गर्ने, नागरिक र सुरक्षा अङ्गबिचको सम्बन्धलाई सुदृढ बनाउने लगायतका विषयलाई रणनीतिका रूपमा प्रस्तुत गरिएको छ (पन्ध्रौं योजना, २०७६, पृ.२८४-२८८)।

त्यस्तै सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित र सुरक्षा जोखिम नहुने गरी विकसित गर्नुपर्ने, साइबर हमलालाई रोक्नसक्ने खालको सुरक्षा प्रणालीको विकास गर्नुपर्ने स्थिति तत्काल नदेखिए तापनि भविष्यमा खतराका रूपमा आउनसक्ने आतङ्कावादी क्रियाकलापलाई रोक्न अध्यागमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने तथा नेपालभित्र शरणार्थी तथा विभिन्न नाममा अन्य देशका नागरिकहरू भित्रिने क्रम बढिरहेकाले पनि आवश्यक नीतिगत व्यवस्था सहित यसको नियन्त्रण र नियमनको आवश्यकता रहेको छ। कोभिड १९ महामारीजस्तै भविष्यमा आउनसक्ने यस्ता खालका महामारीबाट बच्नका लागि संस्थागत क्षमताको विकास, स्वदेशभित्रै रहेका जडीबुटी तथा वनस्पतिको प्रयोग गरी औषधिको उत्पादन, गुणस्तरसहितको आधारभूत स्वास्थ्य सेवाको पहुँच ग्रामीण इलाकासम्म विकास गर्नुपर्ने, जनशक्तिको विकास लगायतका कामहरूलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

यस्तै वैदेशिक रोजगारीमा पुगेका व्यक्तिहरूको सुरक्षा, चीन र भारतजस्ता दुई ठूला अर्थतन्त्रका बिचमा गतिशील पुलको रूपमा काम गर्ने, विभिन्न ठूला राष्ट्रहरूले लिएका सुरक्षा रणनीतिका सम्बन्धमा राष्ट्रिय सुरक्षालाई ध्यानमा राखी आफ्नो स्थान सुनिश्चित गर्ने कुटनीतिक ज्ञानजस्ता विषयले विश्वव्यापीकरणबाट सिर्जित राष्ट्रिय सुरक्षाको चुनौतीलाई सामना गर्नसक्दछ। त्यसै गरी हाम्रा साँस्कृतिक सम्पदा तथा वस्तुहरूको संरक्षण, राष्ट्रिय हितको विषयलाई विद्यालय शिक्षादेखि नै समावेश गर्नुपर्ने, आत्मनिर्भरताको अभिवृद्धि लगायतका पक्षमा पनि ध्यान दिनु जरूरी छ। यस्तै सूचना-प्रविधिको प्रयोगसँगै कुनै देशको आन्तरिक विषयमा अवाञ्छित शक्तिको पहुँच पुग्ने तथा शक्ति-राष्ट्रका प्रभावशाली सञ्चार गृहहरूका कारण पनि विश्वव्यापीकरणको प्रभाव बढिरहेकाले विश्वसनीय र भरपर्दो सूचना प्रणालीको विकास तथा आमसञ्चार माध्यमहरूको नियमन तथा सही प्रयोग हुनु पनि जरूरी भएको छ।

**निष्कर्ष**

विश्वव्यापीकरणले विश्वको एक कुनामा रहेको उत्पादन, त्यहाँको विचारलाई संसारको अर्को कुनासम्म जोड्ने मात्र काम गरेन यसले ती देश र मानिसहरूका बिचमा आर्थिक, प्राविधिक, सामाजिक लगायतका विविध असमानतालाई बढाउने काम गरेको छ। विश्वव्यापीकरणको यस प्रक्रियामा ठूला र शक्तिसम्पन्न देशहरूले आफ्ना आर्थिक, भौतिक, सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिकजस्ता विविध पक्षलाई नगण्य मात्र गुमाएर धेरै लाभ प्राप्त गरेका छन् भने साना तथा अल्पविकसित देशहरूले उल्लिखित आर्थिक, सामाजिक, सांस्कृतिक आदि पक्षहरू प्रचुर मात्रामा गुमाएर थोरै मात्र लाभ प्राप्त गरेका छन्। बिडम्बना यो छ कि नेपालजस्तो प्राकृतिक एवम् पर्वतीय सम्पन्नता भएको मुलुकले कार्बन उत्सर्जनमा अत्यन्त थोरै भूमिका खेलेको भए पनि यसको प्रतिफलको उल्टो मूल्य अहिले चुकाउनु परिरहेको छ। हामीजस्ता स-साना अन्य राष्ट्रहरूले आ-आफ्नो क्षमता तथा पहुँचको सीमितताका कारण विश्व बजार व्यवस्थामा प्रतिस्पर्धा गर्न सकिरहेका छैनन्। यी र यस्तै खालका विविध कारणले गर्दा हाम्रोजस्ता राष्ट्रहरू विश्वव्यापीकरणको दौडमा पछि परेका छन्। यस्तै सूचना-प्रविधिको विकास र विस्तारमा प्रतिस्पर्धी क्षमताको अभाव, अन्तर्राष्ट्रिय मुद्दाहरूमा ठूला राष्ट्रको चेपुवाका कारण स्वतन्त्र विचार दिन नसक्ने स्थिति, जलवायु परिवर्तनका कारण ती मुलुकका भौतिक, प्राकृतिक क्षेत्रमा परेको नकारात्मक प्रभाव,

बढ्दो आर्थिक असमानता, साइबर असुरक्षा, सम्भावित आतङ्कवादी गतिविधि, चेलीबेटी बेचबिखन, राष्ट्रको सुरक्षा खर्चमा बढोत्तरीजस्ता विद्यमान विसङ्गत विषयहरू विश्वव्यापीकरणबाट सिर्जित राष्ट्रिय सुरक्षाका चुनौतीहरू हुन्। यस्तै अर्थतन्त्रको महत्त्वपूर्ण पक्षका रूपमा रहेको विप्रेषण (Remmittance) हाम्रा लागि महत्त्वपूर्ण हुँदा-हुँदै पनि गन्तव्य देशमा रहेका ती श्रमिकहरूले आत्मसम्मानपूर्वक रोजगारी नपाउनु पनि विश्वव्यापीकरणले ल्याएको अर्को सुरक्षा चुनौती हो। अतः विश्वव्यापीकरणका कारण सिर्जित यी सन्दर्भले हामी र हामी जस्ता अन्य राष्ट्रको राष्ट्रिय सुरक्षामा व्यापक चुनौतीहरू थपिएका छन्। यी चुनौतीहरूलाई निवारण गर्नका निम्ति आर्थिक, सामाजिक, राजनीतिक एवम् कूटनैतिक क्षमतामा अभिवृद्धि गर्नु आवश्यक हुन्छ र तदनुसार परराष्ट्र नीतिको विकास र कार्यान्वयन गर्नु आवश्यक हुन्छ। विश्वव्यापीकरणको विद्यमान अवस्थाबाट कुनै राष्ट्र पृथक् हुनु सम्भव छैन, तर पनि राष्ट्रिय सुरक्षा नीतिलाई सबल बनाउँदै विश्वव्यापीकरणको यस यात्रामा समायोजन हुन जरूरी छ। यसो गर्दा विश्वव्यापीकरणका कारण सिर्जित चुनौतीहरूलाई हामीजस्ता विकासोन्मुख राष्ट्रहरूले व्यवस्थापन गर्न सक्षम हुनेछन् साथै शक्ति राष्ट्रहरूको प्रभावबाट र विश्वव्यापीरकणबाट प्राप्त नकारात्मक परिणाम कम गर्दै जाने तथा सकारात्मक परिणामलाई उपयोग गर्दै जाने नीतिको अवलम्बन गर्नु आवश्यक छ। यसो भएका खण्डमा एकातिर राष्ट्रिय सुरक्षा नीति पनि सबल हुन्छ भने अर्कातिर यसबाट प्राप्त उपलब्धिलाई उपयोग गर्नसक्ने स्थिति प्रबल हुन जान्छ।

**सन्दर्भ सामग्री सूची**


कुसुम, गोविन्दप्रसाद (२०७७), सुरक्षा अवधारणा, राष्ट्रिय सुरक्षा र नेपाली सेना, *सुरक्षा,* १ : १ पृ.८-२२। गैरे, गणेश, *अन्तर्वार्ता,* राष्ट्रिय सुरक्षाका चुनौती, मिति २०७७/०९/०२।

ज्ञवाली, तोया (२०७०), "विश्वव्यापीकरणका सन्दर्भमा : विश्वव्यापार सङ्गठन र नेपालको अन्तर्राष्ट्रिय व्यापार", *पराग,* चौथो विशेषाङ्क; पृ.४४३-४५७।

तामाङ, दिलकुमार, *अन्तर्वार्ता,* विश्वव्यापीकरणको प्रभाव, मिति २०७७/०८/२७।

*नेपाल सरकार (२०७२) नेपालको संविधान,* काठमाडौ : संसदीय व्यवस्था समिति।

*नेपाल सरकार (२०७६) पन्ध्रौं योजना,* काठमाण्डौ : राष्ट्रिय योजना आयोग।

*नेपाल सरकार (२०७३) राष्ट्रिय सुरक्षा नीति, २०७३, काठमाडौं :* नेपाल कानुन आयोग।

पौडयाल, ईश्वरीप्रसाद (२०७७), नेपालको राष्ट्रिय सुरक्षा प्रणालीलाई सुदृढ तुल्याउन राष्ट्रिय सुरक्षा नीतिको अपरिहार्यता, *सुरक्षा,* १ :१ पृ.१-७।

मेधासी, देवेन्द्रबहादुर (२०७७), नेपालको सन्दर्भमा अपरम्परागत सुरक्षा चुनौतीहरू, *सुरक्षा,* १:१ पृ.४४-५९।

यादव, लालबाबु (२०७७), National Security Challenges for Nepal in the 21st Century, *सुरक्षा,* १ :१ पृ.२४४-२५०।

श्रेष्ठ, बुद्धिनारायण (२०७७), "राष्ट्रिय सुरक्षाका सन्दर्भमा सीमा व्यवस्थापन", *सुरक्षा,* १ :१ पृ.९७-१०५।

सिलवाल, केशव, "म्याकडोनल्डकरण कि विश्वव्यापीकरण" http://annapurnapost.com/news/100676.

Acharya, M. R. (A.D. 2015), Globalization and its Impact: Adjusting to the global interdependance, *Business of Bureaucracy*, 4th Edn. Kathmandu.

Aggarwal, Maniram (A.D.1984), *General knowledge digest,* 40th Edn. New Delhi.

Baral, Bhimnath, (A.D.2017), "Security challenges of small states", *Journal of Political Science,* Vol.17, pp. 1-17.

Byanyima, W., "Globalization 4.0 for whom", https://www.project syndicate. org/ commentary/globalization-4-0-vs-neoliberalism-by-winnie-byanyima-201812 ¿barrier= accesspaylog, Dec 19, 2018.

Wahab, Shahbudin Bin Abdul, (A.D. 2002), Globalization and its implication on national security", *Journal of the Royal Malaysia Police Senior Officers' College*, P. P. 27-36.